# बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

**नयाँवानेश्वर, काठमाण्डौको**

# दोस्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०२ गते)

यस कम्पनीको संचालक समितिको मिति २०८१।०८।२० गते बसेको २९औं बैठकको निर्णयानुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने गरी सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ तथा कम्पनीको नियामावलीको नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

<u>सभा बस्ने मिति, समय र स्थानः</u>

**मिति : २०८१ पौष महिना २२ गते सोमबार, समय : अपरान्ह ४:१५ बजे**

**स्थान : बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय कार्यालय, नयाँबानेश्वर, काठमाडौं ।**

**<u>छलफलका बिषयहरुः</u>**

**(क) सामान्य प्रस्तावहरुः-**

१. आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. आ.व. २०७९/०८० र २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात र २०८१ आषाढ मसान्तको वासलात, आ.व.२०७९/०८० र आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. चालु आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनी संचालक समितिले प्रथम बार्षिक साधारण सभा भए पश्चात हालसम्म गरेका निर्णयहरु अनुमोदन गर्ने तथा नियामक निकायहरुको निर्देशनमा प्रवन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा तथा आयोजना संचालन सम्बन्धमा आवश्यक निर्णय गर्न तथा बिभिन्न निकायमा कम्पनीले गर्नुपर्ने कार्य गर्न अर्को साधारण सभा नभएसम्मको लागि संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

५. विविध ।

**(ख) विशेष प्रस्तावः**

**(ग) बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी कम्पनीको वेवसाईट www.bgjcl.com को Notice सेक्सन मा हेर्नुहुन ।**

संचालक समितिको आज्ञाले:
कम्पनी सचिव